नेपाल सरकार
सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय

# नागरिक सचेतना केन्द्रका सदस्यहरुको जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

# नागरिक सचेतना केन्द्रका सदस्यहरुको जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि

## १. भुमिका

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रम (LGCDP) ले सामाजिक परिचालन कार्यक्रमलाई समुदायहरुको सशक्तीकरण गर्ने माध्यमको रुपमा लिएको छ । सामाजिक परिचालन कार्यक्रमले समुदायको क्षमता वृद्धि गरी नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई आफ्नो आवश्यकता पहिचान गर्दै सम्बन्धित निकायहरु समक्ष आवाज राख्न सक्ने र स्थानीय शासन प्रक्रियामा आफ्नो पहुँच बढाउन सक्ने कुरामा जोड दिएको छ ।

सामाजिक परिचालन कार्यक्रमका लागि एक गाउँ विकास समितिमा कम्तीमा एक र नगरपालिकाको वडामा एक नागरिक सचेतना केन्द्र स्थापना गरिएको छ । नागरिक सचेतना केन्द्र स्थापना गर्नुको एउटा मुख्य उद्देश्य विपन्न तथा लक्षित वर्गको समग्र आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु हो । यसका लागि विभिन्न सहभागिमुलक प्रकृया अवलम्बन गरिएको छ । एउटा नागरिक सचेतना केन्द्रमा २० देखि ३० जना अति विपन्न सदस्यहरु रहने व्यवस्था गरिएको छ । सार्वजनिक सेवामा जनताको पहुँच नक्शाङ्कन, सामाजिक श्रोत नक्शाङ्क र सम्पन्नताको स्तरीकरण गरी सबभन्दा कमजोर देखिएका विपन्नहरु बसेको स्थानलाई छनौट गरी नागरिक सचेतना केन्द्र स्थापना गरिएको छ । हरेक हप्ता सामाजिक परिचालकहरुको सहजीकरणमा नागरिक सचेता केन्द्रका सबै सदस्यहरुको सहभागितामा दुई घण्टा समसामयिक विषयमा छलफल हुन्छ । यस्तो छलफल विशेषगरी नागरिक अधिकार, गरिबीका अन्तर्निहित कारणहरु तथा सेवा तथा स्रोतमा पहुँच जस्ता विषयमा केन्द्रीत हुने गरुका छन् ।

सामाजिक परिचालनको हालसम्मको प्रयासबाट विपन्नहरुको क्षमता विकास गरी उनीहरुलाई आफ्नो आवश्यकता पहिचान गर्न सक्ने, आवाज उठाउन सक्ने, स्थानीय शासन प्रक्रियामा सहभागी हुन सक्ने तथा आफू विपन्न हुनुका कारणहरुको विश्लेषण गर्नसक्ने क्षमता अभिवृद्धि गर्दै आएको छ । यसबाट मात्रै नागरिक सचेतना केन्द्रका सदस्यहरुको जीविकोपर्जन सुधारमा उल्लेख्य उपलब्धि हासिल हुन सकेन । क्षमता विकास संगसंगै गरिब तथा विपन्न वर्गको जीविकोपार्जन सुधारमा सहयोग गर्न आवश्यक देखिएकाले LGCDP ले नागरिक सचेतना केन्द्रका सदस्यहरुको जीविकोपार्जन सुधार कार्यक्रम (Livelihood Improvement Programme) संचालन स्थानीय निकायहरु मर्फत अनुदानको रुपमा वजेट उपलव्ध गराउने व्यवस्था गरेको छ ।

## २.जीविकोपार्जन सुधार कार्यक्रमको उद्देश्य :

सामाजिक परिचालन कार्यविधि २०७१ मा उल्लेख भए वमोजिम जीविकोपार्जन सुधार कार्यक्रमका निम्नानुसारका उद्धेश्यहरु रहेका छन् ।

(१) नागरिक सचेतना केन्द्रका सदस्यहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सहयोग पुऱ्याउने,
(२) नागरिक सचेतना केन्द्रका अति विपन्न र गरिब सदस्यका मागहरु सम्बोधन गर्न सहयोग गर्ने,
(३) जीविकोपार्जन सुधार योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न सहयोग गर्ने,
(४) स्थानीय निकाय र समुदाय बीचको अर्न्तसम्बन्ध बलियो वनाउने र
(५) सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रवाह हुने सेवा र श्रोतमा विपन्न परिवारहरुको पहुँच स्थापित गर्दै लैजाने,

## ३. सहयोगको क्षेत्र

जीविकोपार्जन सुधार कार्यक्रम घरधुरी र समुदाय स्तरको हुनेछ । यस अन्तर्गत निम्न कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ :

- व्यवसायिक वा सामुदायिक खेती/पशुपालन,
- कबुलियती बन व्यवस्थापन, गैर काष्ठ बन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आय आर्जन तथा लघु उद्यम विकास,
- रोजगारीमूलक र उत्पादकत्व बढाउने विभिन्न किसिमका सीपमूलक तालिम,
- आय र उत्पादन बृद्धि गर्ने ग्रामीण प्रविधि विकास तथा प्रयोग,
- वैकल्पिक उर्जा ( सोलार, बायोग्यास, ब्रिकेट सुधारिएको घट्ट, उन्नत चुल्हो आदि ) निर्माण,
- आयमूलक कार्यक्रम वा लघु उद्यम विकास,
- पानी घट्ट, साना सिचाई, मिल, आरन, घरेलु शिल्पकला, लुगा कटाई सिलाई बुनाई आदि
- सहकारी पसल, खुद्रा पसल,
- तरकारी खेती, नगदे वाली, पशु पालन र
- साना व्यवसाय तथा व्यापार ।

आयमूलक कार्यक्रम/लघु उद्यम विकाससम्बन्धी आयोजना छनौट गर्दा बजार व्यवस्था, सीपको उपलब्धता, सामानको बजार मूल्य बारे सामान्य विश्लेषण गर्नुपर्नेछ ।

## ४. योजना कार्यान्वयनको लागि ना.स.के छनौट प्रकृया

जीविकोपार्जन सुधार कार्यक्रमको लागि सम्वन्धित जिल्ला विकास समिति, नगरपालिकाले विपन्नता स्तरीकरणको आधारमा प्राथमिकीकरण गरी सम्वन्धित नासकेमा जीविकोपार्जन सुधार कार्यक्रम_अनुदान परिचालन गरिने छ । नासके छनौट गर्दा निम्नलिखित शर्तहरु पुरा गरेको हुनु पर्नेछ । यी शर्तहरु पुरा गरे नगरेको निश्चितता जिविस, नपा र गाविसले गर्ने छ र यसको सहजीकरण क्षेत्रिय समन्वय ईकाईले गर्ने छ ।

(क) नियमित रुपमा नासकेको कक्षा सुचारु रुपले सञ्चालन भइहेको हुनु पर्ने,

(ख) सामाजिक परिचालन निर्देशिका तथा हातेपुस्तिका अनुसार कार्य भइराखेको हुनुपर्ने,

## ५. जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन प्रकृया

(क) स्थानीय सेवा प्रदायक, सम्वन्धित कर्मचारी र सामाजिक परिचालकलाई तालिम - स्थानीय सेवा प्रदायक, सम्वन्धित कर्मचारी र सामाजिक परिचालकलाई जीविकोपार्जन सुधार योजना बनाउने तरिका र श्रोत परिचालनका विषयमा तालिम दिइने छ ।

(ख) जीविकोपार्जन सुधार योजना तयार - सामाजिक परिचालकलाई तालिम दिएपछि स्थानीय सेवा प्रदायकको सहयोगमा नासकेका सदस्यहरुको र समुदायस्तरको जीविकोपार्जन सुधार येजना बनाउन सहजीकरण गर्ने छ ।

(ग) जीविकोपार्जन सुधार योजना प्राथमिकताका आधारहरु – नागरिक सचेतना केन्द्रले सामाजिक परिचालकले तयार पारेको जीविकोपार्जन सुधार योजनालाई निम्नलिखित आधारमा प्राथमिकता दिने छ ।

- नागरिक सचेतना केन्द्रका बहुसंख्यक सदस्यहरुको रोजगारी र आम्दानी बृद्धि गर्ने,
- स्थानीय स्तरमा उपलब्ध श्रोत, शिप, प्राविधिको प्रयोग हुने,
- थोरै लागतबाट धेरै मानिस लाभान्वित हुने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा युवा वर्गलाई लाभ हुने,
- वातावरणीय अनुकुलन र न्यून जोखिमयुक्त योजना संचालन गर्ने,
- कृषि, गैर कृषि तथा सेवामा उत्पादकत्व बढ्ने,

घ) जीविकोपार्जन सुधार कार्यक्रमहरुको प्राथमिकताक्रम निर्धारण गरी नागरिक सचेतना केन्द्रले वडा नागरिक मञ्च मार्फत गाविस/नपा पठाउने छ ।

ङ) वडा नागरिक मञ्च मार्फत गाविसमा प्राप्त हुन आएका माग गाविसले स्वीकृत गरी जिल्ला विकास समिति र स्थानीय संघसंस्थामा सिफारिस गरी पठाउने छ । गाविसको उक्त बैठकमा सामाजिक परिचालक १ जना, नासके भएको वडाको वडा नागरिक मञ्चका प्रतिनिधि-१ जना, गाविसमा जीविकोपार्जन सुधार कार्यक्रममा कार्यरत संगठनका प्रतिनिधि-२ जनालाई आमन्त्रित सदस्यको रुपमा बोलाउनु पर्नेछ । यस समितिले नासकेको मागलाई स्वीकृत गरी गाविस स्तरमा अरु यस्तै प्रकारको कार्य गर्ने सरकारी/गैर सरकारी संघ संस्थासँग समेत समन्वय गरी आयोजना संचालन गर्न प्राथमिकता दिनेछ । गाविसले समन्वय गरी स्थानीय स्रोतको परिचालनद्धारा कार्यक्रम कार्यान्वयन गर्न नसकेका बाँकी कार्यक्रमहरु मात्र जिविसमा पठाउनेछ ।


च) यसै गरी नगरपालिकाको वडामा प्राप्त हुन आएका नासकेका माग वडा सचिवको अध्यक्षतमा सामाजिक परिचालक १ जना, नासके भएको वडाको वडा नागरिक मञ्चका प्रतिनिधि-१ जना, नगरपालिकामा

जीविकोपार्जन सुधार कार्यक्रममा कार्यरत्न अन्य सरोकारवालाका प्रतिनिधि-२ जना सदस्यको उपस्थितिमा बैठक बसी वडास्तरमा अरु यस्तै प्रकारको कार्य गर्ने सरकारी/गैर सरकारी निकायसंग समेत समन्वय गरी आयोजना संचालन गर्न प्राथमिकता दिनेछ र समन्वय गरी कार्यान्वयन गर्न नसकेका बाँकी योजनाहरु मात्र नगरपालिकामा पठाउने छ ।

छ) वडा कार्यालय स्थापना नभएका नगरपालिकाको हकमा वडा नागरिक मञ्चले नासकेको मागलाई सिधै नगरपालिकामा पठाउने छ । यसरी नगरपालिकामा प्राप्त हुन आएका माग नगरपालिकाले नगर सामाजिक परिचालन समितिको बैठकमा छलफल गरी नगरपालिकाबाट स्वीकृत गर्नुपर्नेछ । नगरपालिकाको बैठकमा सामाजिक परिचालकहरु, नासके भएको वडाको वडा नागरिक मञ्चका प्रतिनिधिहरु, नगरपालिकामा जीविकोपार्जन सुधार कार्यक्रममा कार्यरत संगठनका प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ । नगरपालिकाबाट स्वीकृत नासकेको मागलाई नगरपालिका स्तरमा अरु यस्तै कार्य गर्ने सरकारी/गैर सरकारी निकायसंग समेत समन्वय गरी योजना संचालन गर्न प्राथमिकता दिनेछ । न.पा.ले समन्वय गरी कार्यान्वयन गर्न नसकेका बाँकी योजना नगरपालिकाले जीविकोपार्जन सुधारका लागि उपलब्ध गराइएको रकमबाट कार्यान्वयन गर्नेछ ।

ज) जीविकोपार्जन सुधार योजना कार्यान्वयन गर्दा स्थानीय स्तरमा उपलब्ध जीविकोपार्जन सुधार सम्बन्धी यस्तै संस्था तथा कार्यक्रमहरुसंग समन्वय गरिने छ । साथै आयमूलक योजनाको लागि वजार व्यवस्था, ऋण परिचालन वा अन्य आवश्यक कार्यको लागि सम्बन्धित संस्था तथा निकायहरुसंग समन्वय गरिने छ ।

## ६. वित्तीय व्यवस्थापन प्रक्रिया




- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (MoFALD) ले कार्यक्रम लागु भएका प्रति नासकेलाई तोकिए बमोजिमको रकम उपलब्ध गराउने छ ।
- जिविसले गाविस मार्फत नासके व्यवस्थापन समितिलाई गाविसले अनुमोदन गरेको योजना सहित नासकेको खातामा रकम पठाँउने छ ।
- रकम प्राप्त भएपछि नासके व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गरिनेछ ।
- खर्चको अनुगमन र संचालनको जिम्मा नासकेको व्यवस्थापन समितिले लिनेछ ।

- छनौट भएका जीविकोपार्जन सुधार कार्यक्रम (Livelihood Improvement Programme)LIP आयोजना अरु निकायबाट कार्यान्वयन भईरहेको भएमा सो योजना संचालन गर्न पाइने छैन ।
- वर्षको अन्तमा वित्तीय व्यवस्थापन प्रकृया पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सकिने छ ।

## ७. जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्ने विभिन्न व्यक्ति/संस्थाको भुमिका र जिम्मेवारी

### क) सामजिक परिचालक

- जीविकोपार्जन सुधार कार्यक्रम सम्वन्धी तालिममा सक्रिय रुपमा सहभागी हुने,
- जीविकोपार्जन सुधारसँग सम्वन्धित आधारभूत सर्भेक्षण र अन्य तथ्याङ्कहरु संकलन गर्ने,
- नागरिक सचेतना केन्द्रका सदस्यहरु र समुदायको लागि जीविकोपार्जन सुधार कार्यक्रम तयार गर्न सहयोग गर्ने,
- गाउँ विकास समिति/नगरपालिका तहमा उपलब्ध अन्य सेवा प्रदायक संस्था वा बिषयगत निकायसँग सम्पर्क र समन्वय कायम गर्न नागरिक सचेतना केन्द्रलाई सघाउने,
- गाउँ विकास समिति/नगरपालिका तथा जिल्लास्तरका अन्य निकायहरुसँग जिविकोपार्जन सुधार कार्यक्रम सम्वन्धी कार्यमा निरन्तर रुपमा समन्वय र साझेदारिता वृद्धि गर्न सहयोग गर्ने,
- नागरिक सचेतना केन्द्रलाई समयमा बजेट प्राप्तिको सुनिश्चित गर्न सहयोग गर्ने,
- नियमित रुपमा कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने । घुम्ती कोष परिचालन गर्न नागरिक सचेतना केन्द्रलाई सहयोग पुऱ्याउने र
- जीविकोपार्जन कार्यक्रमवाट प्राप्त प्रतिफल र नतिजाहरुको अभिलेख राख्ने तथा प्रगति प्रतिवेदन पेश गर्ने,

### ख) स्थानीय सेवा प्रदायक(LSP)

- जीविकोपार्जन सुधार सम्बन्धी तालिममा सहभागी हुने,
- जीविकोपार्जन सुधार तथा आयमूलक प्रयोजनका लागि व्यवसायिक योजना तर्जुमा गर्न सामाजिक परिचालकलाई आवश्यक सहजीकरण र प्रावधिक सहयोग उपलब्ध गराउने,
- नागरिक सचेतना केन्द्रले छनोट गरेका आयमूलक तालिम संचालन गर्न तालिम दिने संस्थाहरुको विषयमा र आयमूलक कार्यक्रमको लागि दिइने वस्तुगत सहयोगको जानकारी गराउने,
- सामाजिक परिचालकलाई विभिन्न तथ्याङ्क संकलन गर्न प्राविधिक सहयोग प्रदान गर्ने,
- जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गर्ने,
- सामाजिक परिचालकवाट जीविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन संकलन गरी जिल्ला विकास समिति र नगरपालिकामा पेश गर्ने,

### ग) गाविस/नगरपालिका

- नासकेले पठाएको जीविकोपार्जन सुधारका लागी  तयार गरिएका कार्यक्रमको बिश्लेषण गरी प्राथमिकता तोक्ने,
- गाविस/नपा स्तरका विभिन्न निकायसंग नासकेले माग गरेका जीविकोपार्जन सुधार कार्यक्रमका विषयमा समन्वय गर्ने,
- समन्वय गर्न नसकेको जीविकोपार्जन सुधार कार्यक्रमको सूची यथाशिघ्र जिविसमा पठाउने ।
- जीविकोपार्जन सुधार कार्यक्रम निरन्तर अनुगमन गरेर समयमा आयोजना सम्पन्न गर्न मद्दत गर्ने,
- नपा तथा गाविस बार्षिक रुपमा जीविकोपार्जन योजना संचालनका लागि थप बजेटको विनियोजन गर्ने कार्यका लागि सहजिकरण गर्ने,

**घ) जिविस/जिल्ला सामाजिक परिचालन समिति**

- नागरिक सचेतना केन्द्रले पठाएको जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाको बिश्लेषण गरी जिल्ला विकास समिति तथा नगरपालिका कार्यालयमा पेश गर्ने,
- जिल्ला तथा नगरस्तरका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाहरु वीच कार्यगत सम्वन्ध, साझेदारिता र समन्वय गर्ने,
- नागरिक सचेतना केन्द्रले माग गरेका आयोजना कार्यान्वयनका लागि रकम उपलब्ध गराउने,
- जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाको अनुगमन गर्ने,
- जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाहरुको सार्वजनिक परीक्षण गराई समयमै वित्तीय प्रगति प्रतिवेदन पठाउने,
- क्षेत्रीय समन्वय इकाईलाई जीविकोपार्जन सुधार कार्यक्रमको आवश्यक प्रगति प्रतिवेदन पठाउने,
- जीविकोपार्जन सुधार कार्यक्रम आयोजनाको निरन्तर अनुगमन गरी समयमा आयोजना सम्पन्न गर्न मद्दत गर्ने,

## ८. अनुगमन व्यवस्था

- कार्यक्रमको ब्यावसायिक योजना अनुसार सहभागी सदस्यले आयआर्जनको प्रकृति हेरेर नियमित रुपमा अभिलेख राख्ने,
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम गाउँ विकास समिति/नगरपालिका स्तरको अनुगमन तथा सुपरिवेक्षण समितिले वडा नागरिक मंचको समेत समन्वयमा निरन्तर रुपमा जीविकोपार्जन सुधार योजनाको रकम प्रवाह र उपयोग सम्बन्धी कार्यको अनुगमन गरी आवश्यक सल्लाह दिनसक्ने छ ।
- गाविस स्तरीय अनुगमन समिति, वडा नागरिक मंचका संयोजक समेतको सयूंक्त टोलीबाट आवश्यकता अनुसार प्रभाव अनुगमन गरी अभिलेखीकरण गर्ने,
- राम्रा सिकाईहरुलाई प्रचार प्रसार गर्ने,

सामाजिक परिचालकले जीविकोपार्जन सुधार योजना शुरु हुन अगाडि अनुगमनका लागि आधारभूत तथ्याङ्क संकलन गर्ने । जीविकोपार्जन सुधार कार्यक्रमबाट लाभान्वित घरधुरीवाट निरन्तर रुपमा यसको प्रभाव, समस्या र समस्या समाधानका उपाय सम्बन्धी सूचना संकलन र विश्लेषण गरी आवश्यकता अनुसार प्रयोग गर्ने ।

## ९. प्रगति प्रतिवेदन व्यवस्था

जीविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन नागरिक सचेतना केन्द्रमा जीविकोपार्जन सुधार कार्यक्रम, सहयोगी पुस्तिका (२०७१) को अनुसूची वमोजिमको ढाँचामा सामाजिक परिचालकले सम्बन्धित स्थानीय सेवा प्रदायकलाई बुझाउनु पर्नेछ । स्थानीय सेवा प्रदायकले उक्त प्रगति प्रतिवेदन संकलन गरी सम्बन्धित जिविस/नगरपालिका सामाजिक परिचालन समितिलाई बुझाउनुपर्ने छ । जिविस/नगरपालिकाले आफ्नो जिल्ला/नगरको प्रगति संकलन गरेर सम्बन्धित क्षेत्रिय समन्वय इकाईमा पठाउनु पर्नेछ । सबै क्षेत्रिय समन्वय इकाईहरुले आफ्नो क्षेत्रको प्रगति प्रतिवेदन संकलन गरेर प्रगतिको सारांश, जीविकोपार्जन सुधार कार्यक्रमको सकारात्मक पक्ष, समस्याहरु, सुधारका उपायहरु समेत उल्लेख गरी प्रतिवेदन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामाजिक परिचालन तथा गै.स.सं. समन्वय शाखा र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमलाई पठाउनुपर्ने छ । जीविकोपार्जन सुधार कार्यक्रमबारे सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामाजिक परिचालन तथा गै.स.सं. समन्वय शाखाबाट मामला अध्ययन (case studies) गरिनेछ ।

## १०. लेखा परिक्षण

जिविस/नगरपालिका/गाविसले नागरिक सचेतना केन्द्रमा दिइएको जीविकोपार्जन सुधार कार्यक्रमको खर्चको लेखा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ बमोजिम राखी लेखापरीक्षण गराउनु पर्नेछ । साथै नागरिक सचेतना केन्द्र स्तरमा सार्वजनिक परीक्षण कार्यविधि २०६७ को अधिनमा रहि वर्षमा कम्तीमा एक पटक सार्वजनिक परिक्षण गर्नु पर्नेछ ।

(समाप्त)